# राजसंस्था र हिन्दुराष्ट्र पुनःस्थापना तथा सुशासनको लक्ष्य प्राप्तिको लागि जनआन्दोलन गर्ने घोषणा, समझदारी तथा प्रतिवद्धता पत्र

२०६३ जेठ ४ गते पुनःस्र्थापित प्रतिनिधि सभाले असंवैधानिक ढंगबाट हिन्दुराष्ट्रको पहिचान समाप्त गर्ने तथा राजसंस्थालाई पाखा लगाउने घोषणा गरेसँगै शुरू भएको राजनीतिक यात्राको परिणामस्वरूप देश अहिले गम्भीर संकटको घडिमा आईपुगेको छ । २०७२ साल असोजमा जारी संविधानले स्थापना गरेको संघीय धर्मनिरपेक्ष गणतन्त्र पूर्णतः असफल प्रमाणित भएको छ ।

जनताको प्रत्यक्ष अभिमत विना नै बाह्य शक्तिहरूको प्रभाव र उग्रवामपंथी माओवादीको दवावमा लादिएको संघीय धर्मनिरपेक्ष गणतन्त्रले नेपालमा राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक संकट, विवाद र द्वन्दको अवस्था सिर्जना गरेको छ ।

लामो समयदेखि अधुरो रहेको नेपाली जनताको आर्थिक बिकास र समृद्धिको आकांक्षा र सपनालाई तुषारापात गरेको छ । नेपाल गंभीर आर्थिक संकटको संघारमा आईपुगेको छ । 'रेमिट्यान्स' र त्यसको कारण देखिने केही प्रभाव वाहेक आर्थिक क्षेत्रका प्रायः सबै सुचकांक नकारात्मक रहेका छन् । प्रत्येक घर परिवार र व्यवसाय आर्थिक मन्दी र संकटको चपेटामा परेका छन् ।

देशभित्र रोजगारीको अवसर सिर्जना हुन नसकेको कारण जीविकाको निम्ति लाखौ युवाहरू बिदेशिन वाध्य भएका छन् । बेरोजगारी समस्या विकारल भएको छ । राजनीतिक दल, सरकार र राज्यप्रतिको भरोसा टुटेको कारण आफ्नो मातृभूमीको नागरिकता र राहदानी समेत सदाको निम्ति त्यागेर बिदेश पलायन हुनेहरूको संख्या पनि कहाली लाग्दो छ ।

नेपाली जनतालाई मालिक बनाउँछौ, सदियौंदेखिको दासताबाट मुक्त तुल्याउँछौ र नेपाललाई सिङ्गापुर, स्विटजरल्याण्ड जस्तो बनाउँछौ भनेर सपना बाड्ने नेताहरू व्यक्तिगत र परिवारको स्वार्थको दलदलमा भासिएका छन् । लोकतन्त्रको आवरणमा केही सिमित राजनीतिक दलका सिमित नेताहरूले 'सिण्डिकेट' खडा गरेर देशमा ब्रम्हलुट मच्चाई रहेका छन् । राज्यका सबै निकाय र संरचनाहरूको पार्टिकरण गरेर कानुनी राज्यको उपहास गरेका छन् । देशमा लोकतन्त्र होईन दलतन्त्र हावि भएको छ ।

भ्रष्टाचारको महारोगबाट देश आक्रान्त बनेको छ । जनताको मुक्तिको निम्ति लडेको भन्ने नेताहरू भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । भ्रष्टाचार गरेर आर्जन गरेको अकुत सम्पति केही नेताहरूले बिदेशमा लुकाएर राखेका छन् । राजनीति र राज्यसंयन्त्र स्वार्थी व्यापारी र विचौलियाहरूको कब्जामा परेको छ ।

सनातन धर्म संस्कृति र परम्परा माथी नियोजित आक्रमण भैरहेको छ । धर्मान्तरणको डढेलो देशको सबै भागमा डरलाग्दोसँग फैलिएको छ ।

नेपालको राजनीतिमा बाह्य शक्तिहरूको दवाव र प्रभाव तिव्ररूपले बढिरहेको छ । नेपाल अन्तर्राष्ट्रिय महाशक्तिहरूको रणनीतिक प्रतिस्पर्धास्थल बन्न सक्ने टडकारो खतरा देखिँदै छ । नेपाली जनताको सार्वभौम निर्णायकत्व संकुचित हुँदैछ । अन्तर्राष्ट्रिय जगतमा नेपालको बिश्वसनीयतामा ठूलो ह्रास आएको छ ।

यो पृष्ठभूमीमा विद्यमान भ्रष्ट व्यवस्था र भ्रष्ट शासकबाट देश र जनतालाई मुक्त तुल्याउनु वर्तमान समयको मुख्यका अभिभारा हो । जनताको अवस्थामा परिवर्तन गर्न व्यवस्था परिवर्तन अनिवार्य हुन गएको छ । त्यसैले **असफल प्रमाणित भैसकेको संघीय धर्मनिरपेक्ष गणतन्त्रको विकल्पमा जनआन्दोलनको बल र जगमा अझ उन्नत र पूर्ण प्रजातान्त्रिक प्रणाली स्थापना गर्दै देशको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणको निम्ति राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल, राष्ट्रिय शक्ति नेपाल, नेपाली कंग्रेस (बिपी), शिव सेना नेपाल, नेपाल प्राज्ञिक मञ्च लगायतका हामी राष्ट्रवादी दल र समुहहरूका बिच देहाय बमोजिमको समझदारी कायम भएको छ** । उक्त समझदारीलाई मन वचन र कर्मले कार्यान्वयन गर्ने हामी प्रतिवद्धता व्यक्त गर्दछौ ।

**हाम्रो प्रतिवद्धताः**

**१) परिवर्तनकारी शक्ति र बिचार तथा परम्परागत शक्ति र बिचारको बिचमा सामाञ्जस्यता कायम गर्दै सबै बिचारधारा र शक्तिहरू अटाउने गरी संवैधानिक राजसंस्थासहितको प्रजातन्त्रको स्थापना,**

**२) सर्वधर्म समभाव र पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दुराष्ट्रको स्थापना तथा**

**३) केन्द्रमा एउटा बलियो सरकार र स्थानीय तहमा शक्ति हस्तान्तरणको मान्यता अनुरूप अहिलेको भन्दा बढी अधिकार सम्पन्न स्थानीय सरकार गरी दुईतहको सरकारको स्थापना,**

**हाम्रो घोषणाः**

४) राजनीतिक दलहरूले चाहने हो भने उपरोक्त उदेश्यहरू सहमति र समझदारीको आधारमा वर्तमान संविधान कै परिधि भित्रबाट हासिल हुन संभव

छ । त्यसैले संविधानद्वारा प्रदत्त अधिकारको प्रयोग गर्दै उपरोक्त उदेश्यहरू प्राप्तिको निम्ति सशक्त जनदवाव सिर्जना गर्न **२०८२ जेठ १५ गतेदेखि अनिश्चितकालीन जनआन्दोलन गर्ने हामी घोषणा गर्दछौं** । यो आन्दोलनको संयोजन र परिचालन बरिष्ठ राजनीतिज्ञ नवराज सुवेदीको संयोजकत्वमा गठित 'संयुक्त जनआन्दोलन समिति' मार्फत हुनेछ । हामी सबै दल र समुहहरू संयुक्त जनआन्दोलन समितिमा आवद्ध रही आन्दोलन सफल तुल्याउने संकल्प गर्दछौं ।

५) २०८१ चैत १५ गते काठमाण्डौंको तीनकुनेमा भएको जनप्रदर्शनको वहानामा थुनामा राखिएका राप्रपाका बरिष्ठ उपाध्यक्ष रबिन्द्र मिश्र लगायत सबै आस्थाका बन्दीहरूको तत्काल रिहाईको निम्ति हामी जोडदार माग गर्दछौं ।

**हामो समझदारीः**

६) हाम्रो आन्दोलन शान्तिपूर्ण हुनेछ । भद्र अवज्ञा र सत्याग्रह आन्दोलनको स्वरूप हुनेछ । हाम्रो आन्दोलन कुनै दल वा सरकारका विरूद्ध होईन । निरकुंशता र सर्दसत्तावादको अन्त्य गरी तथा जनतामा निहित सार्वभौमसता र जनताको निर्णायकत्वलाई थप सुदृढ तुल्याई जनतालाई व्यवहारिकरूपमा देशको मालिक भएको अनुभूति दिलाउनु आन्दोलनको मुख्य ध्येय हुनेछ ।

७) षडयन्त्रपूर्वक चुँडाईएको राजा र जनताको बिचको एकताको धागोलाई फेरि जोड्ने तथा सनानत धर्म संस्कृति र परम्परामा आधारित नेपालको मौलिक पहिचानको रक्षा गर्ने हाम्रो प्रयास हो । भ्रष्ट शासकहरूबाट देशलाई मुक्त तुल्याई सुशासन र कानुनी राज्यको स्थापना गर्नु आन्दोलनको उदेश्य हुनेछ ।

८) भ्रष्टाचारप्रति शुन्य सहनशीलता कायम गर्दै देशमा सुशासन र कानुनी राज्यको प्रत्याभूति दिलाउने क्रममा **२०४७ साल यता उच्च सार्वजनीक पदमा रहेकाहरूको सम्पति छानविन गर्न उच्चस्तरीय अधिकारसम्पन्न न्यायिक आयोग गठन** गर्ने हाम्रो प्रतिवद्धता रहेको छ ।

९) देशभित्रै रोजगारीको अवसर सिर्जना गरी सामान्य रोजगारीको निम्ति बिदेश जानुपर्ने अवस्था अन्त्य गर्न एवं सुशासन र कानुनी राज्यको पूर्ण प्रत्याभूति दिलाउँदै आमजनतामा राज्यप्रतिको भरोसमा अभिवृद्धि गर्नु हाम्रो अभिष्ट हुनेछ ।

१०) आन्दोलनको माध्यमबाट **संकटग्रस्त सहकारीहरूको राष्ट्रियकरण** गरी वचतकर्ताहरूको रकम फिर्ता गराउन तथा लघुवित्त, मिटरव्याजी तथा विभिन्न बैंक र वित्तिय संस्थाबाट पिडितहरूलाई यथासंभव चांडो र जुनसुकै हालतमा पनि राहत दिलाईने छ ।

११) प्रत्येक व्यक्ति भित्रको क्षमता, दक्षता र उत्कृष्टता प्रस्फुटित हुने अवसर एवं वातावरण सिर्जना गरी कल्याणकारी तथा उदार आर्थिक चिन्तनको धरातलमा पिछडिएका समुह, साना किसान, साना र मझौला उद्यमलाई प्रोत्साहित गर्दै समावेशी आर्थिक बिकास र समृद्धिको नवजागरण र नयाँ युग शुरू गरिने छ ।

१२) मुलुकमा शान्ति र स्थायित्व कायम गर्दै नेपालको अस्तित्वको रक्षा र नेपाली जनताको समग्र हित र समुन्नति नै हाम्रो आन्दोलनको लक्ष्य हो । बाह्य शक्तिहरूको संलग्नता नरहने यो आन्दोलन **नेपाली जनताको लागि नेपाली जनताद्वारा गरिने नेपाली जनताको राष्ट्रवादी आन्दोलन** हुनेछ ।

१३) **२०८२ जेठ १५ देखि शुरू हुने यो आन्दोलन हिन्दुराष्ट्र र राजसंस्था स्थापना नभएसम्म टुङ्गिने छैन** । आन्दोलनको विस्तृत कार्यक्रम उपयुक्त समयमा जानकारी गराईने छ ।

१४) आन्दोलनलाई सफल तुल्याउन देशको प्रत्येक जिल्ला, पालिका तथा वडाहरूमा संयुक्त जनआन्दोलन समितिहरू गठन गर्न यस आन्दोलनमा सम्बद्ध दल र समुहहरूलाई हामी आह्वान गर्दछौं । साथै जेठ १५ गते देखि नै देशको विभिन्न भागहरूमा स्वस्फूर्त रूपले जुलुस, धर्ना लगायतका जनप्रदर्शनहरू गर्न सबैमा अपिल गर्दछौं ।

यस आन्दोलनमा सहभागी हुन, साथ दिन तथा सहयोग गर्न सम्पूर्ण नेपाली दिदीबहिनी र दाजुभाईहरूमा हामी हार्दिक आह्वान गर्दछौं ।

नवराज सुवेदी

नवराज सुवेदी
संयोजक
संयुक्त जनआन्दोलन समिति
२०८२ वैशाख २५ गते